# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्याः (शिक्षा शाखा) गोईठी, सप्तरी Website:www.tirahutmun.gov.np
चलानी नं. १४५४ मधेश प्रदेश,नेपाल Email:info@tirahutmun.gov.np

मितिः२०८२/०१/२८

**विषयः शिक्षकको कार्यसम्पादन मुल्याङकन फाराम सम्बन्धमा।**

श्री प्रधानाध्यापक ज्यू,
तिरहुत गाउँपालिकाका सामुदायिक विद्यालयहरु।

प्रस्तुत विषयमा तहाँ विद्यालयहरुमा कार्यरत प्राथमिक,निम्न माध्यमिक र माध्यमिक तहका स्थायी शिक्षकहरुको शैक्षिक सत्र २०८१ को कार्य सम्पादन मुल्याङकन फाराम शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित) बमोजिम तोकिएको समय भित्रै प्रत्येक शिक्षकको लागि ३/३ प्रति भरी/भराई १ प्रति विद्यालयमा राखी २ प्रति प्रत्येक शिक्षकको अलग अलग खाम बन्दी गरी गाउँपालिकामा पेश गर्न साथै फाराम भर्दा तपसिल अनुसार हुने व्यवस्था मिलाउनु हुन अनुरोध छ।

**तपसिल**

१) का.स.मु. प्रत्येक शिक्षकले वैशाख ३० गते भित्रमा सम्पुर्ण विवरण भरी विद्यालयको मुल दर्ता रजिष्टरमा दर्ता गराउने र दर्ता गराएको निस्सा प्रधानाध्यापकले शिक्षकलाई दिने। प्रधानाध्यापकले जेठ ६ गते भित्रमा गाउँपालिकामा दर्ता गराउने/बुझाउने।

२) का.स.मु. फाराम प्राथमिक,निम्न माध्यमिक र माध्यमिक तहको लागि क्रमशः निलो,हरियो र पँहेलो रङको प्रयोग गर्ने, फोटोकपी गरेको फाराम प्रयोग नगर्ने,फाराम सकेसम्म एउटै पेज वा एउटै पन्नामा हुनु पर्नेछ। फाराममा दर्ता मिति र नम्बर अनिवार्य उल्लेख गर्ने र सुपरीवेक्षक वा पुनरावलोकन समितिले नम्बर दिँदा केरमेट तथा टिपेक्सको प्रयोग नगर्ने।

३) का.स.मु.मा सिफारिस गर्ने र प्रमाणित गर्ने व्यक्ति फरक फरक हुनु पर्ने,सुपरिवेक्षक र पुनरावलोकन समितिको नाम,पद,संकेत नम्बर,मिति र दस्तखत अनिवार्य रुपमा उल्लेख हुनु पर्ने।

४) का.स.मु. फाराममा उल्लेख भए बमोजिम शिक्षकको सम्पूर्ण विवरण भरिएको हुनु पर्नेछ र का.स.मु. अवधीः२०८१ वैशाख देखी २०८१ चैत्रसम्म लेख्नु पर्नेछ। सम्बन्धित शिक्षकको हस्ताक्षर अनिवार्य हुने। प्रधानाध्यापक वा अन्य शिक्षकले भरिदिएको फाराम प्रयोग नगर्ने। स्थायी र संकेत नम्बर भएको शिक्षकले मात्र सुपरीवेक्षण वा सिफारिस गर्न सक्ने। विशेष जिम्वेवारी र कार्यमुलक अनुसन्धानको अंक दिँदा प्रमाण संलग्न गर्नु पर्नेछ। सुपरिवेक्षण,सिफारिस, प्रमाणित गर्ने र पुनरावलोकन समितिका सम्बन्धमा तपसिल अनुसार हुने व्यवस्था गर्नेः

| कसको | सुपरीवेक्षक | सिफारिस गर्ने | प्रमाणित गर्ने | पुनरावलोकन समिति |
|---|---|---|---|---|
| शिक्षक | प्रधानाध्यापक | प्रधानाध्यापक | शिक्षा अधिकृत | प्र.अ., शिक्षा अधिकृत,इकाइ प्रमुख |
| प्र.अ.,प्र.अ.सँग समान र माथिल्लो श्रेणीको शिक्षक, | शिक्षा अधिकृत | शिक्षा अधिकृत | इकाइ प्रमुख | वि.व्य.स. अध्यक्ष, शिक्षा अधिकृत,इकाइ प्रमुख |

(नोटः प्रक्रिया पूरा नगरी तथा तोकिएको म्याद पछी बुझाएको फारामको मुल्याङ्कन नगरिने पनि जानकारी गराइन्छ।)

विजय कुमार देवकोटा
शिक्षा अधिकृत

"कृषी पर्यटन र स्वरोजगार तथा पूर्वाधार, तिरहुत गाउँपालिकाको विकासको आधार"

CamScanner